प्रदेश सरकार

प्रदेश नं. ५

# सामाजिक विकास मन्त्रालय

(सामाजिक विकास महाशाखा )

बुटवल, नेपाल

पत्र संख्या: ०७७/०७८

चलानी नं.: ४४६

मिति:२०७७।०६।११

## गैर सरकारी संघ-संस्था सूचीकृत हुन आउने बारेको सूचना ।

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, प्रदेश नं. ५ बुटवलमा विगत वर्षहरु देखि नै महिला बालबालिका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, शिक्षा, स्वास्थ्य श्रम तथा रोजगार, खेलकूँद, सीमान्तकृत तथा लोपोन्मुख पिछडावर्ग लगायतका क्षेत्रमा अध्ययन अनुसन्धान, योजना तालिम क्षमता विकास सशक्तिकरण लैङ्गिक हिंसा निवारण, मानव अधिकार उल्लङ्घनका कारण पिडीत तथा प्रभावितहरुको संरक्षण र पुनर्स्थापना लगायत विविध सामाजिक क्षेत्रमा काम गर्ने संघ संस्थाहरु सूचीकृत भै समन्वय र सहकार्य गर्दै आईरहेको व्यहोरा अवगत नै छ ।यसै सन्दर्भमा गत आ व २०७६।०७७ मा सूचीकृत भईसकेका संस्थाहरुको सूची नविकरण गर्न र हाल सम्म सूचीकृत नभएका संस्थाहरु सूचीकृत हुन तपसिल वमोजिमका कागजात सहित यस मन्त्रालयको सम्बन्धित महाशाखामा सम्पर्क राख्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल</u>

**सूचीकृत नविकरणको लागि आवश्यक कागजात**

- संस्थाको नविकरणको प्रमाणपत्रको प्रतिलिपी
- अघिल्लो आर्थिक वर्षको अडिट रिपोर्ट
- सञ्चालक समितिको निर्णयको प्रतिलिपी
- संस्थाको आधिकारीक पत्र

**नयाँ सूचीकृत गर्नको लागि आवश्यक कागजात**

- माथीका सबै कागजातको साथै संस्थाको विधान
- समाजकल्याण परिषदमा आवद्धताको प्रमाणपत्रको प्रतिलिपी
- प्रदेश नं. ५ भन्दा बाहिरका कुनै जिल्लामा दर्ता भै यस प्रदेशमा कार्यक्षेत्र नभएका संस्थाको हकमा प्रदेश सरकार, प्रदेश नं ५ को आन्तरिक मामिला तथा कानून मन्त्रालयमा आवद्धताको प्रमाणपत्रको प्रतिलिपी
- संस्थाको प्रोफाइल

०७७।०६।११

शारदा वस्याल

प्रमुख महिला विकास अधिकृत